म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३0/0६९/0७0

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ | अङ्कः- १८८ | २०८१ जेठ १८ गते शुक्रबार 31 May 2024, Friday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## महालेखापरीक्षकको प्रतिवेदन पेश

हेटौँडाः महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेश प्रमुखको कार्यालयमा वार्षिक प्रतिवेदन पेश गरेको छ । बुधबार महालेखापरीक्षकको कार्यालयका उप-महालेखापरीक्षक बिन्दु बिष्टले बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मा समक्ष प्रतिवेदन पेश गर्नुभएको हो । नेपालको संविधानको धारा २९४ को उपधारा (३) र लेखा परीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा (४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७९/०८० को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको बागमती प्रदेशको "छैठौं वार्षिक प्रतिवेदन, २०८१" प्रदेश प्रमुख समक्ष पेश गरिएको हो ।

### बागमती प्रदेश सभा बैठक

# नीति तथा कार्यक्रममाथि छलफल जारी

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सभामा आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि प्रदेश सभा सदस्यहरुको छलफल जारी छ। बुधबारबाट सुरु भएको छलफल बिहिबार पनि जारी छ। बिहिबार प्रदेश सभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी हुनुहुँदै प्रदेश सभा सदस्य भारती कुमारी पाठकले प्रदेश सरकारलाई जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न माग गर्नुभएको छ । अन्य प्रदेशसँग समेत सहकार्य गरेर जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न उहाँले माग गर्नुभएको छ ।

बागमती प्रदेशको मात्रै नभई देशका अन्य प्रदेशका जडिबुटीको समेत व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले औषधी उत्पादन, सौन्दर्य प्रशाधन उत्पादनमा हाम्रै जडिबुटीको प्रयोग गर्ने गरी प्रशोधन केन्द्र स्थापना गर्न प्रदेश सरकारसँग आग्रह गर्नुभएको छ । सामुदायिक वन उपभोक्ता महासंघको निवर्तमान अध्यक्ष समेत रहनुभएकी पाठकले गणेश हिमाललाई संरक्षित क्षेत्र घोषणा गर्ने नीतिप्रति असहमति जनाउनुभयो । संरक्षण क्षेत्रको वर्तमान अवधारणाले त्यस क्षेत्रका आदिवासी जनजाति, महिला, किसानको अधिकार खोसिने भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

"गणेश हिमाल संरक्षण क्षेत्रको कुरा आएको छ। संरक्षण क्षेत्रले नागरिक पीडित हुने अवस्था रहन्छ। संरक्षण क्षेत्रको एउटा बाँदर किसानको बारीमा आयो भने त्यो बाँदरलाई छुन सकिँदैन", पाठकले भन्नुभयो, "संरक्षण क्षेत्र होइन । गणेश हिमाललाई कसरी पर्यटकीय हिसाबले व्यवस्थापन गर्न सकिन्छ भन्नेमा सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।"




*नीति तथा कार्यक्रममा आफ्नो भनाइ राख्नुहुँदै प्रदेश सभा सदस्य भारती कुमारी पाठक ।*

हाम्रो वन, समुदायको धन भन्ने नारा राम्रो रहेको र जलवायु परिवर्तनको समस्यालाई नीति तथा कार्यक्रमले सम्बोधन गरेको भन्दै उहाँले खुसी व्यक्त गर्नुभयो । प्रदेश सरकारले वातावरण परिषद् गठन गर्ने योजना राष्ट्रियस्तरको सिकाई हुने पाठकको दावी छ । परिषद् गठनले जलवायु परिवर्तन र यसका मुद्दाहरुले मुर्तरुप लिने उहाँको भनाइ छ । मानव वन्यजन्तु द्वन्द्वलाई सम्बोधन गरेको, डँढेलो नियन्त्रणको विषय नीतिमा समावेश भएको भन्दै उहाँले धन्यवाद व्यक्त गर्नुभयो ।

प्रदेशसभा सदस्य भरत बहादुर केसीले प्रदेश सरकारले खेल क्षेत्रमा धेरै प्राथमिकता दिएको बताउनुभएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रममा खेलकुदलाई धेरै प्रोत्साहन गरेर एक स्थानीय तह एक रङ्गशाला सम्भव नभएकाले त्यसमा सरकारले सुधार गर्नु पर्ने भन्दै केसीले सुझाव दिनुभएको छ । प्रदेशका स्थानीय तहको दूरदराजमा रङ्गशाला निर्माण गर्दा खेलाडी नै नहुने अवस्था आएको उल्लेख गर्नुहुँदै एक जिल्ला एक रङ्गशाला निर्माण हुनुपर्ने केसीको धारणा थियो । प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले हरेक क्षेत्रलाई समेटेको बताउँदै कृषिमा केही सुधार गर्नुपर्ने आवश्यक रहेको औँल्याउनुभयो । 'कृषि उत्पादन वृद्धिको आधार अनुसन्धान, शिक्षा र प्रसार' भनेर राखेकोमा 'कृषि उत्पादन वृद्धिको आधार वैज्ञानिक प्रणाली र पूर्वाधार' भनेर राख्नुपर्ने उहाँको सुझाव छ । वैज्ञानिक प्रणालीले ख्यातिमा सुधार ल्याउने केसीको धारणा छ । प्रदेश सरकारले कृषिका लागि रैथाने बाली जोगाउन आफ्नो अन्नको बीउ आफै जोगाउँ भन्ने कार्यक्रम ल्याउन आवश्यक रहेको बताउनुभयो ।

प्रदेशसभा सदस्य उद्धव थापाले प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम सोचेअनुरुप नभएको र आगामी बजेट आफ्ना कार्यकर्ता पोस्ने गरी बनाउने देखिएको बताउनुभएको छ। थापाले प्रदेश सरकारले आफ्ना कार्यकर्ता पोस्ने, आफ्नालाई फाइदा हुने र विपक्षीलाई देखाउने गरी बजेट प्रस्तुत गर्ने संकेत गरेको आरोप लगाउनुभएको छ। विगतमा ७० अर्बको बजेट निर्माण भएको पछि घटेर ६२-६३ अर्बको बजेट निर्माण भएको र अहिलेको बजेट ५० अर्बमा आउन सक्ने अवस्था भएकाले यो अवस्था कसरी सिर्जना भयो भनेर हेर्न आवश्यक रहेको उहाँको भनाई छ । "प्रदेश सरकारको छुट्टै आयको स्रोत के छ भनेर हेर्न आवश्यक छ, संघीय सरकारले १७ खर्ब बजेटलाई बढाएर १८ खर्ब ६० अर्ब ३० करोड बनाएको छ, सरकारले जनतालाई ऋण बोकाएको छ, संघीय सरकारले ५ खर्ब घाटाको बजेट बनाएको छ", थापाले भन्नुभयो, "प्राथमिकताको आधारलाई टेकेर नीति तथा कार्यक्रम बनाउने र नीति तथा कार्यक्रममा रहेर बजेट निर्माण गर्नु हुन्छ तर त्यस्तो नभई बजेट आफ्ना-आफ्नालाई पोस्ने काम हुन्छ । प्रदेश सरकारले आफ्नालाई मात्र नहेरी सम्पूर्ण जनतालाई हुने गरी बजेट ल्याउनु पर्छ ताकि प्रदेशका जनताले प्रदेश सरकार हाम्रा लागि पनि हो भनेर अनुभुति हुनु पर्छ ।" प्रदेश सभाको बिहिबारको बैठक निर्धारित समयभन्दा ढिलो गरी सुरु भएको थियो । उपसभामुख अपसरा चापागाईले शुक्रबार बिहान ११ बजेर ३० मिनेट बस्ने गरी बिहिबारको बैठक स्थगित गर्नुभयो ।

### आजबाट एमाले मकवानपुरको अधिवेशन सुरु

# पार्टीका महासचिव शंकर पोखरेल आउने




समाज संवाददाता

हेटौँडाः नेकपा एमाले मकवानपुरको १२ औं जिल्ला अधिवेशन आज शुक्रबारबाट सुरु हुने भएको छ । अधिवेशनको उद्घाटनका लागि पार्टीका महासचिव शंकर पोखरेल आउने जिल्ला अध्यक्ष एका लाल श्रेष्ठले जानकारी दिनुभयो ।

अधिवेशन हेटौँडाको रोयल प्यालेसमा हुँदैछ । अधिवेशन भोलि शनिबारसम्म चल्नेछ । अधिवेशनको उद्घाटन पार्टी अध्यक्ष केपी ओलीले गर्ने तय भए पनि विभिन्न समस्याका कारण अध्यक्ष ओली आउन नसक्ने जिल्ला अध्यक्ष श्रेष्ठले बताउनुभयो। अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ । अधिवेशनमा मकवानपुर जिल्लाका १० वटा पालिकाबाट प्रतिनिधि, पर्यवेक्षक र विभिन्न क्षेत्रसंग सम्बन्धित पार्टीको जनवर्गीय संगठनहरुबाट सहभागिता रहनेछन् ।

मकवानपुर जिल्लामा नेकपा एमालेका ११ हजार ६ सय ८४ पार्टी सदस्यबाट अधिवेशनका लागि प्रतिनिधि चयन गरिएको छ। १० वटा पालिकाको १०२ वटा वडा, मजदुर, पेशागत जनसंगठन, ज्येष्ठ कम्युनिष्ट मञ्च, सल्लाहकार परिषद्समेतबाट छानिएर आएका कुल ७६९ प्रतिनिधिहरुले अधिवेशनमा सहभागिता जनाउनेछन् ।

अधिवेशनको बन्द सत्रबाट भावी नेतृत्वसमेत चयन हुने अध्यक्ष श्रेष्ठले बताउनुभयो। अधिवेशनले नेकपा एमालेको मार्गनिर्देशक सिद्धान्त जनताको बहुदलीय जनवादको औचित्यलाई पुष्टि गर्दै सिंगो देशमा सकारात्मक सन्देश प्रवाह गर्ने उहाँको भनाइ छ। अधिवेशनबाट ३ वर्षका लागि १ सय ५ जनाको नयाँ कार्यसमिति चयन हुनेछ। नेकपा एमाले मकवानपुरको अध्यक्षमा रघुनाथ खुलाल, लालबहादुर थापा, इन्द्रमान स्याङ्तान आकांक्षी छन् ।




# हार्दिक बधाई



**नेपाल भ्यालुअर्स एसोसिएसन (एनभीए)** को मंगलबार सम्पन्न प्रथम अधिवेशनबाट सर्वसम्मत निर्वाचित अध्यक्ष सगुन श्रेष्ठ, उपाध्यक्ष रवि आचार्य, सचिव अनिल बनियाँ, कोषाध्यक्ष अस्मिता श्रेष्ठ, सदस्यहरु असगर अन्सारी, कृष्ण अधिकारी, दिपेश सिंह भण्डारी, मनिष महर्जन र सौरभ सुवेदीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**B. G. Consultancy Services Pvt Ltd**
**Alpha Engineering And Design Studio**
**Hetauda, Makawanpur**

# सम्पादकीय

## गर्मीसँगै जोखिम बढ्दो

केही दिनदेखि देशभर गर्मी बढेको छ । दिउँसो चर्को घाम लाग्ने गरेका कारण गर्मी बढेको हो । गर्मी बढ्दा तराई मधेशका जिल्लाहरुमा जनजीवन प्रभावित भएको छ । तराईका जिल्लाहरुमा ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम पुगेको छ । बिहीबार धनगढीको तापक्रम ४४ दशमलब १ डिग्री सेल्सियस पुगेको छ । धनगढीमा बुधबार ४३ दशमलब ३६ डिग्री सेल्सियस तापक्रम थियो । बिहीबार वर्षकै सर्वाधिक तापक्रम धनगढीमा पाइएको छ । चर्को घामसँगै बढेको तापक्रमले तातो हावा चल्दा दिउँसो घरबाहिर निस्किनै नसकिने अवस्था भएको छ । नेपालमा मात्र नभई छिमेकी मुलुक भारतको विभिन्न ठाउँमा गर्मी अत्यधिक बढेको छ । बढ्दो गर्मीका कारण तराई मधेशका विभिन्न जिल्लाका स्थानीय तहले विद्यालय बन्द गराएको छ । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले करिब एक महिना विद्यालय बन्द गरेको छ भने धनगढीका विद्यालय पनि एक हप्ता बिदा गरिएको छ । जनकपुर लगायत पूर्वी तराईका विभिन्न स्थानीय तहमा पनि विद्यालय बन्द गरिएको छ ।

मनसुन सुरु हुन अझै करिब दुई हप्ता बाँकी छ । नेपालमा सरदर १३ जुनमा मनसुन भित्रिने गर्दछ । दक्षिण हिन्द महासागर, भारतको केरला, बंगालको खाडी, सिक्किम हुँदै नेपालको ताप्लेजुङ–इलामतर्फबाट मनसुन नेपाल प्रवेश गर्छ । भारतको मौसम विज्ञान विभागले आज बिहीबारसम्म मनसुन भित्रिनसक्ने अनुमान गरेको भए पनि भारतमा मनसुन भित्रिसकेको छैन । सामान्यतया भारतमा मनसुन भित्रिएको हप्ता–दश दिनभित्र नेपालमा मनसुन आइपुग्छ । तर सधैं यस्तै अवस्था हुन्छ भन्न सकिँदैन । मनसुन सुरु नहुँदासम्म गर्मी भइरहने सम्भावना छ । चर्को घाम लागेर गर्मी बढ्ने र पानी पनि पर्ने गरेका कारण विभिन्न रोगको संक्रमण बढ्ने सम्भावना रहन्छ । चर्को गर्मीबाट आक्रान्त भएकाले पानी पर्दा केही राहत मिल्ने भए पनि यसले विभिन्न प्रकारको रोगको संक्रमणको जोखिम बढाउँछ । चर्को घाम लाग्ने, एक्कासी पानी पर्ने र छिनमै फेरि घाम लाग्ने गर्दा मौसम थप प्रतिकूल हुन्छ । यस्तो समयमा विभिन्न प्रकारका रोगहरुको संक्रमण बढ्ने गर्दछ । प्रतिकूल मौसमका कारण वातावरणमा हुने प्रदूषणले पनि विभिन्न सरुवा रोगको संक्रमण बढ्ने गरेको पाइन्छ ।

देशका अधिकांश क्षेत्रमा गर्मी बढिरहेको छ । गर्मीका कारण प्रभावित भइरहेको जनजीवनसँगै रोगको जोखिम पनि बढेको छ । बढ्दो गर्मीका कारण विभिन्न प्रकारका संक्रामक रोगका जीवाणु तथा भाइरसको संक्रमण बढ्छ । गर्मीका कारण खाना छिटो सड्ने र यस्तो खाना विषाक्त हुने भएकाले रोगको संक्रमण हुनसक्छ । गर्मीमा लामखुट्टेको वृद्धि पनि बढी हुने भएकाले रोगको संक्रमण बढी हुने गर्दछ । गर्मी मौसममा बढ्ने प्रदूषणले पनि रोगहरु निम्त्याउँछ । गर्मी मौसममा सामान्य रुघाखोकी तथा ज्वरोको समस्या हुन्छ । गर्मीमा दूषित खाना तथा पानीका कारण टाइफाइड ज्वरो, आउँ, झाडापखाला, हैजा, हेपाटाइटिस आदि रोग संक्रमणको जोखिम बढी हुन्छ । लामखुट्टेको टोकाइबाट सर्ने डेंगु, मलेरिया, जापानिज इन्सेफ्लाइटिस, कीट तथा भुसुनाको टोकाइबाट सर्ने स्क्रवटाइफस, कालाजार आदि गर्मीमा नै बढी देखिने गरेको छ । गर्मी मौसममा सर्पदंशको सम्भावना पनि बढी हुन्छ ।

गर्मीबाट प्रत्यक्ष बच्न चर्को घाममा बाहिर हिँडडुल गर्नु हुँदैन । हिँडडुल गर्नैपर्ने अवस्थामा छाता ओढ्नुपर्छ । सडेगलेका, झिंगा भन्केका खानेकुरा खानु हुँदैन । सरसफाइमा बढी ध्यान दिनुपर्छ । पानी प्रशस्त पिउनुपर्छ । रोगको संक्रमणको जोखिम जेष्ठ नागरिक, बालबालिका र दीर्घरोगीलाई बढी हुन्छ । गर्मी बढ्दै गएपछि विद्यालय जाने बालबालिका पनि प्रभावित बन्ने गरेका छन् । बालबालिका दिनभर विद्यालयमा चर्को गर्मीमा बस्दा बालबालिकाको स्वास्थ्यमा समस्या आउन सक्छ । यसकारण तराई मधेशका धेरै ठाउँमा केही दिनदेखि झण्डै एक महिनासम्म विद्यालय बन्द गरिएको छ । प्रत्येक वर्ष गर्मी मौसममा यस्ता समस्या दोहारिने गरेको भए पनि त्यसबाट बच्ने प्रभावकारी उपाय अपनाउने गरिएको छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई–लेखाईका काममा मन जाने समय छ ।
**वृष** : रमझमप्रति मन आकर्षित हुने समय छ ।
**मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**कर्कट** : कल्पना र भावनामा अल्मलिने समयको योग छ ।
**सिंह** : धार्मिक र सामाजिक कृत्यमा सरिक भइने छ ।
**कन्या** : सामाजिक कामबाट लाभ र प्रतिष्ठान मिल्ला ।
**तुला** : पठन-पाठनका काममा ध्यान केन्द्रित होला ।
**वृश्चिक** : पढाई–लेखाई ठिकै रहने समयको योग छ ।
**धनु** : पढाई–लेखाई मध्यमकारक रहने समयको योग छ ।
**मकर** : धार्मिक र सामाजिक काममा समय व्यतित हुनेछ ।
**कुम्भ** : वाणी प्रधान कार्यबाट लाभ प्राप्त हुने समयको योग छ ।
**मीन** : आत्मबल र हिम्मतले काम गर्दा लाभ हुनेछ ।

# बजेटः पपुलिस्ट कि कार्यान्वयनयुक्त ?



✍शंकरमान श्रेष्ठ



हालै नेपालका ३६ औं अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१-८२ को बजेट नेपालको बजेट प्रस्तुतिका क्रममा ७८ औं बजेट हो । दोस्रो पटक अर्थमन्त्री भएका पुनले पहिलो पटक संघीय बजेट सार्वजनिक गर्ने मौका पाएका थिएनन् । करिब १२ वर्षअघि पनि उनी अर्थमन्त्री थिए तर संविधानसभा म्याद थप नभई विघटनका कारण उनले बजेट प्रस्तुत गर्न सकेका थिएनन् ।

हाल सत्ता समीकरण फेरबदल, गठबन्धन बन्ने-बिग्रिने सिलसिलाबीच यसपालि पनि बजेट वाचन गर्न पाउँदैनन् कि भन्ने चर्चाका बीच अन्ततः पुनले केही नयाँ र केही पुराना कार्यक्रमको मिश्रणसहित करिब १९ खर्ब अर्थात् १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको भीमकाय बजेट सार्वजनिक गरेका छन् । चालुतर्फ ११ खर्ब ४० अर्ब ६६ करोड, पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड र वित्तीयतर्फ ३ खर्ब ६६ अर्ब १८ करोड रुपैयाँ विनियोजन गरिएको छ । राष्ट्रिय योजना आयोगले सुरुमा दिएको सीमाको पनि कुनै वास्ता गरिएन । अर्थमन्त्री पुनले उत्पादनमूलक उद्योग, सूचना प्रविधि र स्टार्टअपलाई प्रोत्साहित गर्ने कार्यक्रमसहित करिब १९ खर्बको बजेट वाचन गरे ।

नेपालमा २००८ सालदेखि बजेट प्रस्तुत गर्ने चलन सुरु भएको मानिन्छ । बजेट भाषणमा अर्थमन्त्री 'हामी' को सट्टा 'म' किन भन्छन् ? बजेट अर्थमन्त्रीको दिमागको उपज मानिन्छ । पहिले, कहिलेकाहीँ (सधैं होइन) यो 'हामी' थियो । यो बहुवचन वा सामूहिक संज्ञा हो भनेर भन्न मिल्दैन । यो एक 'शाही' हामी थियो । अब अर्थमन्त्री एक साधारण मानिस भएको मानिन्छ ।

पछिल्लो समय मुलुकको अर्थतन्त्रमा केही सुधारका संकेत भएको देखिएको छ । शोधनान्तर स्थिति, मुद्रास्फीति, विप्रेषण आप्रवाह, विदेशी मुद्रा सञ्चिति, व्यापार घाटालगायत सूचक हेर्दा अर्थतन्त्रका केही लयतर्फ उन्मुख भएको आभास देखिन्छ ।

नेपालमा हालै नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०-८१ को नौ महिनाको समीक्षा अवधिमा अधिकांश आर्थिक तथा वित्तीय सूचक सकारात्मक देखिएका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आव २०८०-८१ को नौ महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार आर्थिक तथा वित्तीय सूचकले सुधारको लय समातेको देखिएको हो ।

अर्थतन्त्र मन्दीमा वा चलायमान नभएको बेला सरकारले दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने गरी आगामी आर्थिक वर्ष २०८१-८२ को बजेट ल्याउन सोहीबमोजिम नीति तथा कार्यक्रम सार्वजनिक भएको स्मरणीय छ । आगामी आव २०८१-८२ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्रीले अर्थतन्त्रमा रहेका समस्या प्रस्तुत गरेका छन् । अर्थमन्त्रीले आगामी आर्थिक वर्षलाई 'आर्थिक सुधारको वर्ष' घोषणा गरेका छन् । उनले निजी क्षेत्रको आत्मबल बढाइने र तीव्र आर्थिक सुधार गरी 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई सार्थक बनाइने समेत भनेका छन् । साथै, निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि, औद्योगिक विकास र पूर्वाधार निर्माण, समावेशिता र सामाजिक सुरक्षा, सुशासन प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास बजेटका मुख्य प्राथमिकता हुन् ।

बजेटमा पाँचवटा उद्देश्य लिइएका छन् । उत्पादन र रोजगारी वृद्धि, निजी क्षेत्रको मनोबल बढाई लगानी वृद्धि, मानव संसाधन विकास, स्रोतसाधनको समुचित परिचालन र सार्वजनिक सेवालाई प्रभावकारी बनाउनु बजेटको मुख्य उद्देश्य रहेको छ । सरकारले चालु आर्थिक वर्ष आर्थिक वृद्धि ३.९ प्रतिशतमा सीमित हुने बताएको छ । उपभोगमा आएको कमी, आयातमा गिरावट, कर्जाको विस्तार सुस्त हुनुलगायतका कारण आर्थिक वृद्धि ३.९ प्रतिशतमा सीमित हुने मन्त्रीले बताएका छन् ।

सरकारले नेपाललाई सूचना प्रविधिको 'हब'को रूपमा विकास गर्ने घोषणा गरेको छ । आगामी १० वर्षमा ३० खर्ब रुपैयाँको निर्यात गर्ने घोषणा गरिएको छ भने सो अवधिमा ५ लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्यसहित सरकारले आगामी आर्थिक वर्षलाई 'सूचना प्रविधि दशक'को प्रस्थान वर्षको घोषणा गरेको छ । सूचना प्रविधिलाई अर्थतन्त्रको संवाहक क्षेत्रका रुपमा अर्थ्याउँदै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विकास, प्रवर्द्धन र नियमन गरिने अर्थमन्त्रीले बताएका छन् । डिजिटल नेपाल फ्रेमवर्क परिमार्जन गर्ने घोषणा यो वर्षको बजेटमा पुनः दोहोरिएको छ । मूल कुरा कार्यान्वयन हो ।

ऊर्जा क्षेत्रको विकासका लागि आगामी आर्थिक वर्षमा ५० अर्ब ७४ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । आगामी वर्षमा ऊर्जा क्षेत्रलाई प्राथमिकतामा राख्दै योजना ल्याइएका छन् । जलाशययुक्त आयोजनाको निर्माण अघि बढाउने, विद्युत्को पहुँच बढाउने र विद्युत् खपत बढाउनेलगायतका लक्ष्य लिइएका छन् । यो लक्ष्य पूरा गर्नका लागि ५० अर्बभन्दा बढीको बजेट विनियोजन गरिएको छ । यसका लागिसमेत कार्यान्वयनको मोडालिटी र पुनरावलोकनमा निजी क्षेत्रसमेतको सहभागितामा यो व्यवस्थासमेत हुनुपर्छ ।

सरकारले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने भएको छ । आगामी आर्थिक वर्षको बजेटमा यस्तो व्यवस्था रहेको अर्थमन्त्रीले बताएका छन् । मुलुकमा उच्च दरको आर्थिक वृद्धिका लागि सम्भाव्य क्षेत्रको पहिचान गरी 'नयाँ चरणको आर्थिक सुधारको कार्यक्रम' अघि बढाउन सुझाव लिने गरी सो उच्चस्तरीय आयोग गठन गर्ने व्यवस्था गरिएको अर्थमन्त्रीले बताएका छन् ।

समग्रमा, अर्थमन्त्रीले केही 'पपुलिस्ट' र केही सुधारात्मक कार्यक्रमसहित २०८१-८२ को बजेट भाषण तुलनात्मक रूपमा केही छोटो हुने अपेक्षा भए पनि सो भएन । प्रस्तुत बजेटको आकार केही अस्वाभाविक भएको आभास हुन्छ । अर्थमन्त्रीले राजस्व विगतभन्दा केही वृद्धि हुने लक्ष्य राखेर बजेट प्रस्तुत गरेका छन् । आन्तरिक र बाह्य ऋणको आकार पनि बढाइएको छ ।

बजेटमा संरचनात्मक सुधार, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणालीमा सुधार, वित्तीय क्षेत्र सुधार र सार्वजनिक प्रशासनमा सुधार गरिने कुरा सकारात्मक छन् । साथै, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र उद्यमशीलता तथा औद्योगिक विकासलाई आर्थिक सुधारको रूपान्तरणकारी क्षेत्रसमेत घोषणा गरेका छन् । यसको भारित अंश १ र कार्यान्वयन ९९ प्रतिशत हुनुपर्छ भन्ने कुरामा कुनै विमति छैन ।

'कृषिमा लगानी दशक' घोषणा गरिएको छ । २०८१ देखि २०९१ सम्म कृषिमा लगानी दशक घोषणा गरिएको हो । यसैगरी, कृषि उपजको धितोमा सहज कर्जा उपलब्ध गराइने भनिएको छ । कृषि बीमामा किसानलाई बीमा प्रिमियममा छुट हुने भएको छ । सन् २०२६ सम्म विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने कार्यक्रम देखिन्छ ।

घरेलु मदिरालाई ब्रान्डिङ गर्ने कुरा राम्रो हो । यसबाट रोजगारी र निकासीमा समेत वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । पर्यटन मन्त्रालयलाई झन्डै १२ अर्ब रुपैयाँ बजेट विनियोजन, निजी क्षेत्रले धेरै अगाडिदेखि माग गर्दै आएको उधारोसम्बन्धी कानुन तर्जुमा गर्न सरकार तयार भएको देखिन्छ । नेपालमा बिहे गर्न आउने विदेशीलाई बजेटमा व्यवस्था गरिएको छ ।

दोहोरो लगानी, भन्सार व्यवस्था, भेन्चर क्यापिटलमा जोड दिनु राम्रो पक्ष हो । भन्सार महसुल विधेयक छुट्टै हुनु, २५ करोडभन्दा बढीलाई केन्द्रसँग आबद्ध गर्ने, करमा एकीकृत सूचना प्रणालीको व्यवस्था लागू गर्ने व्यवस्था गरिएको छ । आलु, प्याज आदिमा मुअक खारेज गरेकोबाट कृषक र उपभोक्ता लाभान्वित हुने अपेक्षा गर्न सकिन्छ, बासिन्दाको परिभाषा, कार्बन उत्सर्जनमा हरित कर लगाएको छ ।

बजेटलाई 'पेपर लेस' बजेट बनाउन प्रयत्न गर्नुपर्थ्यो । 'डिजिटल इकोनोमी' भन्ने यसको सुरुवात बजेटबाट गर्नुपर्नेमा उनी चुके । २०६१-६२ देखि अहिलेसम्मको विभिन्न क्षेत्र घरजग्गामा महिलाको स्वामित्व ३३.९ प्रतिशत पुगेको, निजामती सेवामा पनि गणतन्त्र जारी भएको समय १२ प्रतिशत रहेको संख्या बढेर २८.५ पुगेको देखिन्छ । तुलना जरुरी थिएन । चुनाव र गणतन्त्रलाई पुष्टि गर्नु भनेको जनताले अनुभूत गर्ने हो, वार्षिक बजेटमा भन्नु जरुरी छैन । यसले समय र कागजको क्षति भएको छ भने चुनावलाई समेत केही असर गर्छ जस्तो लाग्दैन । त्यसमा पनि अपेक्षित विकास हुन नसकेको भनी कोभिड, युद्धलाई कारण दिइएको छ ।

सार्वजनिक-निजी साझेदारीअनुसार विभिन्न क्षेत्रमा उद्योग खोल्ने भन्ने कुरामा प्रदर्शनी स्थल आदिको सफलतम कार्यक्रम गर्न सम्बन्धित ऐनमा नै परिवर्तन आवश्यक छ । निजी क्षेत्र, सहकारी क्षेत्रलाई राहत दिने भने पनि ठोस कार्यक्रम प्याकेजमा आएको देखिँदैन । प्रधानमन्त्री जेमा पनि प्याकेजमा नै विश्वास गर्ने हुन्, सो यसमा प्रतिबिम्बित हुन सकेन ।

बजेटको आकार बढी भएको र बाह्य ऋण आउने सम्भावना कम भएमा अन्तरिक ऋण बढी भई फेरि तरलताको समस्या, ब्याजदर बढ्ने सम्भावनालाई नकार्न सकिन्न । करिब ३ खर्ब आन्तरिक ऋण लिने कुरा उल्लेख छ । सरकारले घटायो किसानलाई दिइने रासायनिक मलको अनुदान रकम, २७ अर्ब ९५ करोड मात्र छ । यसले कृषकलाई नकारात्मक असर गर्ने सम्भावना हुन सक्छ । उद्योगमा लक्ष्यअनुसारको बजेट आएन, बजेट ६ अर्ब ५५ करोड विनियोजन भएबाट उद्योगको विकासमा केही असर गर्छ कि भन्ने देखिन्छ ।

हालै सम्पन्न लगानी सम्मेलनले अन्तर्राष्ट्रिय स्तरमा नेपालको लगानी सम्भावनाबारे उल्लेखनीय रूपमा सम्प्रेषण भएको छ । उद्योगधन्दा, व्यावसायिक क्षेत्र, भौतिक पूर्वाधार, ऊर्जालगायत सेवाका क्षेत्रहरूमा विदेशी लगानीकर्तालाई आकर्षित गर्नुपर्ने आवश्यकता छ । विदेशी लगानी देशमा भित्र्याउनका लागि लगानीमैत्री वातावरणको निर्माणलाई विशेष प्राथमिकता दिइनुपर्छ ।

लोकप्रिय बजेट भनेको सामान्यतया जनतालाई खुसी पार्नका लागि ल्याइएको बजेट हो । यस्तो बजेटले सरकारको वित्तीय घाटा बढाउने र मुद्रास्फीति बढाउन सक्ने आकर्षक योजनाहरूमा बढी खर्च गर्छ । पपुलिस्ट बजेटको सकारात्मक पक्ष भनेको यसले वस्तुको माग बढाएर बजारलाई आकस्मिक वृद्धि गराउन सक्छ । लोकप्रिय बजेट मुख्यतया जनताको सामान्य सरोकारको वरिपरि घुम्छ । तर, यसले देशको समग्र आर्थिक वृद्धिलाई बलियो बनाउन खासै मद्दत गर्दैन । यस्तो बजेटले सरकारको वासलातमा दबाब बढाउनुका साथै देशको वित्तीय घाटा पनि बढाउन सक्छ । त्यसैले यसलाई अर्थतन्त्रका लागि राम्रो मान्न सकिन्न ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यो कार्यकाललाई आफ्नो अन्तिम अवसरका रूपमा चित्रण गर्दै आएका छन् । यसको मतलब उनी प्रधानमन्त्री बन्ने यो नै अन्तिम पटक हो । त्यसैले पनि उनले बजेटमार्फत लोकप्रिय र पपुलिस्ट कार्यक्रम ल्याउनु स्वाभाविक हो । त्यसको संकेत सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले पनि देखाइसकेको छ । नीति तथा कार्यक्रममा धेरै नयाँ कार्यक्रम छन् । अब बजेटमा पनि तिनै कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि रकम विनियोजन गरिएको छ ।

आर्थिक विज्ञहरू प्रायः लोकप्रिय बजेटको विरोध गर्छन् । पपुलिस्ट बजेटले बजारलाई छोटो समयका लागि प्रोत्साहन दिन सक्ने भए पनि देशको दीर्घकालीन आर्थिक वृद्धिका लागि यो राम्रो होइन । अर्थमन्त्रीले २०८१-८२ को बजेटमा धेरै लोकप्रिय कार्यक्रम राखेका छन्, जसमा रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रम समेटिनेछन् । ती कार्यक्रमले उत्पादन तथा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेको छ ।

धेरैजसो साना तथा मझौला उद्योगले आफ्नो बजार अवसरको अपर्याप्त उपयोग मात्र गर्न सक्छन् । तिनीहरूको बजार विकास, मूल्य, निर्यात र वित्तीय सम्भावनाहरूको जानकारीको पहुँच हुँदैन । सूचना र सञ्चार प्रविधिको विकासले सूचना र ज्ञानमा पहुँचका लागि आधारभूत प्राविधिक पूर्वसर्तहरू स्थापित गरेको भए तापनि धेरै साना तथा मझौला उद्योगले विशेष गरी परिधीय क्षेत्रहरूमा यस प्रगतिबाट लाभ लिन सक्दैनन् ।

यी क्षेत्रमा सेवाप्रदायकहरूले प्रदान गर्ने जानकारीको दायरा एसएमईको आवश्यकतासँग मेल खाँदैन । सामान्यतया धेरैजसो विकासोन्मुख देशमा र नेपालजस्ता अल्पविकसित देशहरूमा विशेष गरी निजी क्षेत्र साना व्यवसायहरूबाट बनेको हुन्छ । यसमा ठोस कार्यक्रमको कार्यान्वयनको अपेक्षा गरिएको छ ।

समग्रमा, वित्तीय नीतिलाई मौद्रिक नीतिले कसरी सम्बोधन गर्छ, त्यो हेरेर मात्र यसको सफल कार्यान्वयन भर पर्ने हुन्छ । बजेट वितरणमुखी र पपुलिस्ट छ भने अर्थतन्त्र चलायमान बनाउन अपेक्षित बजेट हुन खरो रूपमा उत्रनुपर्ने हुन्छ । राज्य र निजी क्षेत्रका अभियन्ता उनीहरूले सहकार्यबाट प्राप्त हुने लक्ष्यबारे पारदर्शी र जवाफदेही हुनुपर्छ । दुवै पक्षले एकअर्काको हितका कुनै पनि परिस्थितिका बारेमा एक-अर्कालाई सूचित राख्न सहमत हुनुपर्छ । निजी क्षेत्रले राज्यको सामाजिक उत्तरदायित्वका हिसाबले आफ्नो प्रतिबद्धता र कार्यसम्पादनको सार्वजनिक लेखाजोखा पारदर्शी किसिमले राज्यलाई उपलब्ध गराउनुपर्छ । *(स्रोतः कारोबारदैनिक)*

# गर्मी बढेपछि चौतारामा राखेर विद्यार्थी पढाउँदै बागमती आवि



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-५, बगेरीमा रहेको बागमती आधारभूत विद्यालयले गर्मीका कारण विद्यार्थीहरुलाई चौतारामा राखेर पठनपाठन गरिरहेको छ। अत्यधिक गर्मी भइरहेको र कुनै पनि कक्षामा फाइनको व्यवस्था नभएका कारण विद्यार्थीलाई चौतारामा राखेर पठनपाठन गरेको विद्यालयका प्रधानाध्यापक गोकर्ण थापाले जानकारी दिनुभयो।

विद्यालयको कक्षाकोठा सानो र विद्यार्थी संख्या धेरै भएकाले अत्यधिक गर्मीका कारण कक्षा ५ का विद्यार्थीलाई चौतारामा राखेर अध्ययन गराइरहेको उहाँले जानकारी दिनुभयो। विद्यालयको आर्थिक अवस्था निकै कमजोर भएका कारण विद्यालयले निजी शिक्षक राखेर अध्ययन अध्यापन गराउन समस्या भएको उहाँको भनाइ छ। विद्यालयमा आवश्यक शिक्षक नभएका कारण बाल कक्षामा अध्यापन गराउने शिक्षकले माथिल्लो कक्षामा अध्यापन गराइरहेको उहाँले बताउनु भयो।

विद्यालयलाई गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा कुनै पनि किसिमको सहयोग नगरेको उहाँले जानकारी दिनुभयो। प्रधानाध्यापक थापाले भन्नुभयो- 'कक्षा कोठा सानो भएको र विद्यार्थी संख्या धेरै रहेकाले पठनपाठन कठिन भइरहेको छ।' २० जना विद्यार्थी पठनपाठन गर्न सक्ने क्षमता भएको कक्षाकोठामा ३५-४० जना विद्यार्थी पढाउने गरेको उहाँको भनाइ छ।

विद्यालयमा मगर, माझीसहित जनजाति समुदायको विद्यार्थीको बाहुल्यता रहेको छ। विद्यालयले आगामी वर्षबाट कक्षा ९ को पठनपाठन सञ्चालन गर्ने लक्ष्य राखेको छ। विद्यार्थीलाई माध्यमिक तहमा अध्ययनका लागि टाढासम्म पुग्नुपर्ने समस्या भएको र विद्यार्थीले बीचमा नै पढाइ छोड्नुपर्ने बाध्यता नहोस् भनेर अर्को वर्ष ९ र त्यसपछि १० कक्षासम्म सञ्चालन गर्ने लक्ष्य लिएको प्रधानाध्यापक थापाले जानकारी दिनुभयो। विद्यालयमा विद्यालय भवन, शिक्षक दरबन्दी, फाइन, घेराबार आदिको समस्या रहेको छ। ८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल २ सय ८५ जना विद्यार्थी रहेका छन्। विद्यालयले विद्यार्थीहरुलाई दिवा खाजा उपलब्ध गराउँदै आएको छ।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## छात्रवृत्तिको म्याद थप गरिएको बारे जरुरी सूचना

२०८१ जेष्ठ ८ गते प्रकाशित छात्रवृत्तिको आवेदन दिने सम्बन्धी सूचनामा राखिएको ७ दिनको म्याद अपुग भएको भन्ने अभिभावक वर्गको गुनासोलाई मध्यनजर गर्दै मिति २०८१ जेष्ठ २१ गतेसम्म आवेदन दिन सकिनेगरी छ दिन म्याद थप गरिएको व्यहोरा सबैमा सूचित गरिन्छ।

शैक्षिकसत्र २०८१ मा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट जेहेन्दार, विपन्न, असहाय तथा गरिब, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्व पीडित तथा सहीद परिवार लगायत उत्कृष्ट शैक्षिक परिणाम प्राप्त विद्यार्थीहरुलाई पूर्ण तथा आशिंक छात्रवृत्ति प्रदान गरिने हुँदा सम्बन्धित तपसिलमा उल्लेखित कागजातका साथ छात्रवृत्तिका लागि आवेदन बुझाउन हुन अनुरोध छ।

### आवश्यक कागजातहरूः

१. दलित, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, सहीद परिवार, मधेसी, अल्पसंख्यक लगायत प्रमाणित हुने जिल्ला प्रशासन कार्यालयको निस्सा।
२. गरिबको हकमा आफ्नो नाममा कुनै सम्पत्ति नभएको र मासिक १० हजार भन्दा कम आम्दानी भएको प्रमाणित स्थानीय तहको निस्सा।
३. विद्यालयको गत शैक्षिकसत्रको ग्रेडसिटको प्रतिलिपी।

### शर्तहरू

१. तोकिएका शिर्षक उपर प्राप्त निवेदनलाई अभिभावकको आर्थिक अवस्था, विद्यार्थीको शैक्षिक अवस्था आदिको आधारमा प्राथमिकता छुट्याई सोही आधारमा कमजोर आयस्तर भएकालाई प्राथमिकता दिईनेछ।
२. छात्रवृत्तिका आवेदन दिने विद्यार्थी विद्यालयले लिएको गतवर्षको वार्षिक परीक्षामा सफल भएको हुनुपर्नेछ।
३. छात्रवृत्ति कार्यक्रम १ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरुमा मात्र लागु हुनेछ।
४. शैक्षिक छात्रवृत्ति विद्यार्थीले प्राप्त गरेको उत्कृष्ट शैक्षिक उपलब्धीको आधारमा प्रदान गरिनेछ।



# हार्दिक श्रद्धाञ्जली



जन्मः २०३७/०५/१३ | स्व. दिनेश बहादुर कार्की | स्वर्गारोहणः २०८१/०२/१२

हेटौँडा इनफिल्डर्स मकवानपुरका सदस्य **दिनेश बहादुर कार्की**को मिति २०८१ साल जेठ १२ गतेका दिन दुर्घटनामा परी अल्पायुमै निधन भएको खबरले हामी मर्माहत भएका छौं। दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय कार्कीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

## हेटौँडा इनफिल्डर्स मकवानपुर परिवार

हेटौँडा, मकवानपुर

# क्रिकेट छनोट खेलमा मकवानपुर रातो विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा चलिरहेको यु-१९ क्रिकेटको छनोट प्रतियोगितामा बिहीबार मकवानपुर रातो विजयी भएको छ। मकवानपुर पहेँलोलाई ८५ रनले पराजित गर्दै मकवानपुर रातो विजयी भएको हो।

हुप्रचौरमा भएको खेलमा मकवानपुर रातोले टस जितेर पहिले ब्याटिङ रोजेको थियो। मकवानपुर रातोको तर्फबाट सृजन अधिकारीले ६४ रन र नितेश यादवले २२ रन बनाएका थिए । मकवानपुर पहेँलोका कुशल दुलाल र गोकुल अधिकारिले २-२ विकेट लिएको मकवानपुर क्रिकेट संघका सचिव विनोद बानियाले जानकारी दिनुभयो । मकवानपुर रातोले २५ ओभरमा ६ विकेट गुमाएर १ सय ६२ रन बनाउन सफल भएको हो ।

मकवानपुर पहेँलो १३ ओभरमा ७७ रन बनाएर अल आउट भएको थियो । मकवानपुर पहेँलोका सुन्दर यादवले २३ रन र इसानकुमार मिश्रले १४ रन बनाएका हुन्। रोहित ठाकुरले ४ र आदर्श भट्टराई तथा नितेश यादवले २-२ विकेट लिएका हुन् । खेलको म्यान अफ द म्यान मकवानपुर रातोका क्याप्टेन रोहित ठाकुर भएका थिए।

बुधबार भएको पहिलो खेलमा नेभी ब्लुले मकवानपुर रातोलाई १ विकेटले जितेको थियो। दोस्रो खेलमा मकवानपुर पहेँलोले स्काइ ब्लुलाई ५ विकेटले पराजित गरेको थियो। आज शुक्रबारको पहिलो खेल मकवानपुर रातो र स्काइ ब्लुबिच हुनेछ भने दोस्रो खेल मकवानपुर पहेँलो र नेभी ब्लुबिच हुने बानियाले बताउनुभयो।

वाइवाइ यु-१९ मेन राष्ट्रिय क्रिकेट टूर्नामेन्ट-२०८१ का लागि जिल्लाबाट १४ जना छनोट हुनेछन्। मकवानपुर क्रिकेट संघले छनोट खेलका लागि ४ वटा टिम बनाएको छ। चारवटै टिमबीच भएको प्रतियोगिताबाट संघले १४ जना उत्कृष्ट खेलाडी छनोट गरी जिल्लाको टिम बनाउने जनाएको छ। खेल ४ दिनसम्म हुनेछ। यस्तै, मकवानपुरको क्रिकेट टिमले जेठको अन्तिममा काठमाडौं, चितवन, ललितपुर, भक्तपुर र नुवाकोटसँग प्रतिस्पर्धा गर्नेछ। यो खेल काठमाडौंमा हुनेछ। यसैगरी, ६ वटा जिल्लाबिच हुने प्रतियोगिताबाट एउटा प्रदेशको टिम छनोट गरिनेछ।

# काभ्रेपलाञ्चोक र सिन्धुलीमा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको काभ्रेपलाञ्चोक र सिन्धुली जिल्लामा एकै दिन ३ जनाको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिका-८ मा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सिन्धुली जिल्ला मरिन गाउँपालिका-१, टुडिखेलका ४५ वर्षीय सन्त बहादुर जिम्बा रहेको प्रहरीले जानकारी दिएको छ।

जिम्बा शनिबार महाभारत गाउँपालिका-६ मा बस्ने साथी टंकध्वज वाईबाको घरमा गएर बस्दै आएका थिए। सोमबार बेलुका ७ बजेको समयमा महाभारत गाउँपालिका-८, पात्ले गाउँस्थित आकुरा भिरबाट लडी बेपत्ता भएका थिए। बेपत्ता जिम्बालाई प्रहरी स्थानीय र आफन्तले खोजतलास गर्दै जाँदा बुधबार बेलुका ७ बजेको समयमा भिरबाट २ सय ५० मिटर तल खोचमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाका बनेपा नगरपालिका-६ मा अचेत अवस्थामा फेला परेका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा ६३ वर्षीय ईश्वरलाल श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार श्रेष्ठ बनेपा नगरपालिका-५ स्थित एक स्कुल अगाडि सडकपेटीमा अचेत अवस्थामा फेला परेको थिए। श्रेष्ठलाई उपचारका लागि शिरमेमोरियल अस्पताल बनेपा लगिएकोमा उपचारको क्रममा मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-७, तल्लो बारामा अचानक बेहोस भएका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा उदयपुर जिल्ला रौतामाई गाउँपालिका-५, नामान्त बस्ने ५५ वर्षीय बलबहादुर मगर रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार सितल चौतारी होटेलमा काठमाडौंबाट गाईघाटतर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ६३२७ नम्बरको बसमा सवार मगर खाना खाई शौचालय जाने क्रममा अचानक बेहोस भएका थिए। मगरलाई उपचारका लागि खुर्कोटस्थित शुभजीवन अस्पतालमा लगिएकोम डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# ट्याङ्कर र कार ठोक्किँदा ७ जना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, नयाँबस्तीमा तेल ट्याङ्कर र कार एकआपसमा ठोक्किँदा ७ जना घाइते भएका छन् । बुधबार पूर्व-पश्चिम सडकखण्डमा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ८९१६ नम्बरको तेल ट्याङ्कर र हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा १२ च ७००८ नम्बरको कार एकआपसमा ठोक्किँदा ७ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

कार चालक पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१, छप्कैयाका ४२ वर्षीय सञ्जय साह, वीरगञ्ज महानगरपालिका-७ का ४२ वर्षीय नितेश अग्रवाल, ४२ वर्षीय सन्तोष नेपाली, २८ वर्षीया संगीता खड्का, १२ वर्षीया केस्विका खड्का, धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका-१०, दिब्यचोकका २७ वर्षीय अमित गुप्ताको सामान्य उपचार पश्चात डिस्चार्ज गरिएको र बीरगञ्ज महानगरपालिका-१० की ४९ वर्षीया सुमित्रा परियारको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। ट्याङ्कर चालक बारा जिल्ला जितपुर सिमरा उपमहानगर पालिकाका-२० का २९ वर्षीय हमहिरा रावत ऐरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# मोटरसाइकल पोलमा ठोक्किँदा २ जना घाइते

समाज संवाददाता

हेटौंडाः धरान-चतरा सडकखण्ड अन्तर्गत् मकवानपुरको बकैया गाउँपालिका-४, पाङ्धुरेमा मोटरसाइकल अनियन्त्रित भई डिभाइडर पोलमा ठोक्किँदा २ जना घाइते भएका छन् । घाइते हुनेमा मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका-१५, शिखरपानीका ३६ वर्षीय सूर्य रुम्बा र पछाडि सवार २८ वर्षीय रुद्र गोले रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बुधबार दिउँसो ४ बजेको समयमा धरान-चतरा सडकखण्डमा हात्तीसुँडेबाट गरगरेतर्फ जाँदै गरेको बा ७८ प ५९३३ नम्बरको मोटरसाइकल आँफै अनियन्त्रित भई डिभाइडर पोलमा ठोक्किँद रुम्बा मध्यम र गोले गम्भिर घाइते भएका थिए । घाइते दुबै जनालाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जानकारी दिएको छ।

# जुरिखेत कार दुर्घटनामा मृतकको सनाखत

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं छोटो मार्गअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-६, जुरिखेतमा बुधबार कार दुर्घटनामा परी मृत्यु भएका एक पुरुष कारका चालक काठमाडौंको चन्द्रागिरी नगरपालिका-१, दहचोकका ६१ वर्षीय सानु परियार रहेको प्रहरीले जनाएको छ।

परिवारका सदस्यले मृतकलाई पहिचान गरेको प्रहरीले जनाएको छ । बुधबार काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा ६ च ९३७९ नम्बरको कार आफैं अनियन्त्रित भई जुरिखेतमा दुर्घटना हुँदा २ जनाको घटनास्थलमै र एकजनाको उपचारको क्रममा मृत्यु भएको हो। कार सडकबाट करिब २ सय ५० मिटर तल खसेको प्रहरीले जानकारी दिएको छ।

३ महिनाकी शिशु र कार चालक सानु परियारको घटनास्थलमै मृत्यु भएको हो। ३ महिने शिशु मनहरी गाउँपालिका-८ की हुन्। कार दुर्घटनामा परी गम्भीर घाइते मकवानपुरको मनहरी गाउँपालिका-८, बेलुवाका २६ वर्षीय अर्जुन नेपालीको उपचारको क्रममा हेटौंडा अस्पतालमा बुधबार साँझ ७ बजेर ४० मिनेटको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

दुर्घटनामा घाइते मकवानपुरको मनहरी गाउँपालिका-८ की २३ बर्षीया सरिता परियार र चितवनको राप्ती नगरपालिका-१, लोथरकी ३५ बर्षीया सानोकान्छी तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । उनीहरूको हेटौंडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# २४ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१९, बस्तिपुरमा रक्तदान कार्यक्रम भएको छ । टोल विकास संस्था नगर समन्वय समितिको आयोजनामा बिहिबार भएको कार्यक्रममा २४ जनाले रक्तदान गरेका छन्। कार्यक्रममा २ जना महिला र २२ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्रका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो ।

वातावरण दिवसको अवसरमा समितिले रक्तदान कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका-१९ का वडा अध्यक्ष नरनाथ सुवेदीको प्रमुख आतिथ्य रहेको थियो । टोल विकास संस्था नगर समन्वय समितिले बिहिबारदेखि २३ गतेसम्म विभिन्न कार्यक्रमको आयोजना गरी सप्ताहव्यापी रुपमा ५२ औं विश्व वातावरण दिवस मनाउँदै छ। रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान भएको हो ।

## शिक्षक आवश्यकता

यस विद्यालयमा अंग्रेजी माध्यममा अध्यापन गर्न तपसिल अनुसारको निजी स्रोत शिक्षकको आवश्यकता परेको हुनाले विद्यालय व्यवस्थापन समितिको मिति २०८१ जेठ १७ गतेको निर्णयअनुसार विज्ञापन प्रकाशन गरिएको छ । तोकिएको मितिभित्र तपसिल बमोजिमको विवरणसहित नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| विज्ञापन नं. | तह | न्यूनतम शैक्षिक योग्यता | आवश्यक सङ्ख्या |
|---|---|---|---|
| ०२/२०८१ | आधारभूत | (कक्षा १ का लागि वर्ग शिक्षक) मूल विषय अंग्रेजी लिई १२ कक्षा उत्तीर्ण भएको | १ (एक) |
| ०३/२०८१ | बाल विकास सहजकर्ता | शिक्षक १२ कक्षा उत्तीर्ण गरेको र ३ महिने वा ३९० घण्टे मन्टेश्वरी तालिम प्राप्त हुनुपर्ने | २ (दुई) |

तलबः विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ।
परीक्षाको किसिमः लिखित, कक्षा अवलोकन तथा अन्तरवार्ता ।
उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८१/०२/३१ गते दिउँसो ४:०० बजेसम्म
सम्पर्क मिति : २०८१/०२/३२

**संलग्न गनु पर्ने कागजातहरू :**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
२. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु १ प्रति
३. मन्टेश्वरी तालिमको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४. परीक्षा दस्तुर रु. ७००।- (सात सय रुपैयाँ मात्र)

**प्रधानाध्यापक**
**श्री बालज्योति माध्यमिक विद्यालय**
**हेटौंडा-५, पिप्ले**

## हार्दिक श्रद्धाञ्जली



जन्मः २०२१/१०/१५

**स्व. कुमार ठकुरी**

स्वर्गारोहणः २०८१/०२/०६

यस महाविद्यालयका लाइब्रेरियन कपिल ठकुरीका पिता **कुमार ठकुरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस परिवार**
**हेटौंडा-४, मकवानपुर**

**विशेषता : जापानिज भाषा**
PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



**सम्पर्क : ०५७-५९०६४५**
**९८०२३७१४४४**
**ठेगाना : स्कूलरोड, हेटौंडा-४**
**पुजन प्लाजा तेस्रो तल्ला**
**IDB Education Consultancy pvt Ltd**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ